"समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर शहरः सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.सं.
च.नं.

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ नगरपालिका"

## विभिन्न आय ठेक्काको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी १५ दिने सूचना

सुचना प्रकाशन मिति : २०८०।०५।०५

आ.व.२०८०।०८१ बाँकी अवधिका लागि यस नगरपालिकाको स्थानीय राजस्वको स्रोतको रुपमा रहेका स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ बमोजिमको हाटबजार ठेक्का वन्दोवस्ति प्रकृयाबाट राजस्व संकलन गर्नुपर्ने भएको हुँदा ईच्छुक फर्म वा व्यक्तिबाट गोप्य सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

**शर्तहरु**

१ सिलबन्दि दरभाउपत्रको फाराम एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको आन्तरिक आय खाता नं.1052055499599012 मा रु.१०००।- (फिर्ता नहुने गरि) जम्मा गरेको सक्कलै भौचर र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्मको हकमा शर्त नं. २ बमोजिमको प्रमाण निवेदन साथ पेश गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिनको कार्यालय समय भित्र कार्यालयको राजस्व शाखाबाट लिन गर्न सकिनेछ ।

२ फर्मले दरभाउपत्र खरिद गर्दा फर्म दर्ता प्रमाणपत्र, आ.व.२०७८/०७९ को करचुक्ता प्रमाणपत्र र स्थाई लेखा नं. को प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

३ सिलबन्दि दरभाउ पत्रसाथ आँफुले कबोल गरेको अंकको ५% ले हुने धरौटी रकम यस कार्यालयको एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको धरौटी खाता नं.A5CA549959952403 मा जम्मा गरेको सक्कलै भौचर वा ७५ दिनको म्याद भएको बैंक ग्यारेण्टि संलग्न गर्नुपर्नेछ ।

४ पत्रिकामा सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२.०० वजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराईसक्नु पर्नेछ । सोही दिनको २.०० बजे यसै कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा दरभाउपत्र खोलिने छ । प्रतिनिधि उपस्थित नभएमा नियमानुसार सोही समयमा खोल्न वाधा पर्नेछैन ।

५ दरभाउ पत्र खरिद र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट खरिद तथा दर्ता गर्न सकिनेछ । कार्यालयबाट प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइनेछैन ।

६ आँफुले कबोल रकम ठेक्का सम्झौताका बखत एकमुष्ठ रुपमा बुझाएमा १०% छुट दिन दिईनेछ । यस्तो छुट दिंदा दाखिला गर्ने रकम न्युनतम अंक भन्दा घटी हुनेगरि दिईनेछैन । कबोल रकम किस्ताको रुपमा बुझाउन चाहेमा ५०% ले हुन आउने रकम ठेक्का सम्झौताका बखत र बांकी रकम २०८० साल फागुन मसान्त भित्र बुझाउनु पर्नेछ । बांकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको ०८१ श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ ।

७ न्युनतम अंकमा मु.अ.कर र अन्य करहरु समावेश गरिएको छैन । ठेक्का लिने पक्षले ठेक्का सम्झौताका बखत कबोल अंकको १.५%ले हुने अग्रिम आयकर वापतको रकम एकमुष्ठ रुपमा र हरेक किस्ता रकम बुझाउँदा १३% ले हुने मू.अ.कर वापतको रकम आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ ।

८ ठेक्का अवधि कार्यादेश लिएको मिति देखि २०८१ आषाढ मसान्त सम्म हुनेछ । तर सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन । सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

९ बन्द, हडताल जस्ता कारण जनाई कुनै प्रकारका छुट वा मिनाहा दावि गर्न पाईने छैन । तर काबु बाहिरको परिस्थिति परि राजस्व असुली हुन नसकेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१० ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ । थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र आर्थिक प्रशासन शाखा तथा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

११ हाटबजार बैठकी कर करको दररेट नगरपालिकाले दरभाउपत्र साथ उपलब्ध गराउनेछ । कर संकलन गर्दा उक्त दरमा १३%ले थप गरि संकलन गर्नुपर्नेछ ।

१२ तिलोत्तमा नगरपालिका खुला पोलिथिन मुक्त नगरपालिका घोषणा भईसकेको हुँदा हाटबजारमा पनि पोलिथिन झोला प्रयोग गर्न पाईनेछैन । साथै हाटबजारका हरेक बिक्रेताले आफ्नो फोहर आफ्नै झोला वा बोरामा संकलन गरि बैठकी सफा राख्नुपर्नेछ । यसरी संकलन भएको फोहरमैलाको उचित व्यवस्थापन ठेकेदार स्वयंले गर्नुपर्नेछ ।

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल
Phone No.:071-562979, Email: tilottamamun@gmail.com, Website: www.tilottamamun.gov.np
Manigram, Rupandehi

१३ हाटबजारमा रहेको खानेपानीको महशुल, मर्मत तथा व्यवस्थापन र फोहरमैला व्यवस्थापन ठेकेदार आफैले गर्नुपर्नेछ। नगरी खानेपानी लाईन काटिएमा पुनः जडान खर्च, हर्जाना सहितको महशुल वा अन्य तवरले फोहरमैला व्यवस्थापन गर्दा लागेको खर्च ठेकेदारबाट असुल गरिनेछ। असुल हुन नसकेमा निजको धरौटीबाट कट्टा गरिनेछ।

१४ हाटबजारमा रहेको विद्युतको सामान्य मर्मत खर्च र बढिमा २५ वाट सम्मको एक थान सि.एफ.एल/एल.इ.डि वल्वको महशुल भुक्तानी ठेकेदार आफैले गर्नुपर्नेछ। व्यवसायीले थप विद्युत उपभोग गर्न परेमा थप महशुल ठेकेदारलाई बुझाउनु पर्नेछ। व्यवसायीबाट महशुल असुल गरी समयमा विद्युत महशुल नबुझाई विद्युत लाईन काटिएमा पुनः जडान गर्दा लाग्ने खर्च र हर्जाना सहितको महशुल ठेकेदारबाट असुल गरिनेछ। असुल हुन नसकेमा निजको धरौटीबाट कट्टा गरिनेछ।

१५ पार्किङ्ग शुल्क उठाउने कार्यको समावेस नभएका बजारमा अर्को अनुमति नलिई बजारमा राखिने सवारी साधनमा पार्किङ शुल्क उठाउन पाईने छैन।

१६ बैठकी कर तथा पार्किङ्ग शुल्कको दररेट सबैले देख्नेगरी ठेकेदारले होडिङबोर्ड तयार गरी हाटबजार स्थलमा राख्नुपर्नेछ

१७ यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ।

तपसिल

| ठेक्का नं. | शिर्षक | न्युनतम कबोल अंक रु. |
|---|---|---|
| आय-०४।२०८०।०८१ | ड्राईभरटोल हाटबजार (मंगलवार र शुक्रबार) | १९,३६,०००।०० |
| आय-०७।२०८०।०८१ | मणिग्राम हाटबजार पार्किङ्ग समेत (आईतबार र बिहीबार) | १४,०१,०००।०० |

नि. प्रमुख प्रशासकीय अधिकृत

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल
Phone No.:071-562979, Email: tilottamamun@gmail.com, Website: www.tilottamamun.gov.np
Manigram, Rupandehi